## प्रेस विज्ञप्ति

माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला) ज्यू र महामहिम Mr .Raphael Nageli को नेतृत्वको स्वीस प्रतिनिधि मण्डलबीच आज कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता भयो ।

भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले आफ्नो लक्ष्य अन्य कुराका अतिरिक्त संक्रमणकालीन न्याय प्रक्रियालाई विश्वसनीय र पारदर्शी बनाउनु रहेको धारणा व्यक्त गर्नुभयो । उहाँले सर्वोच्च अदालतको फैसला अनुरुप कानून संशोधन लगायतका सुधार गर्ने र यसका लागि मन्त्रालयले तदारुकताका साथ कार्यसम्पादन गर्दै जानकारी गराउनुभयो । भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले नेपालको आर्थिक, सामाजिक, न्यायिक, शैक्षिक क्षेत्रमा पुर्याएको सहयोगको लागि स्वीस सरकारलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत समन्वय, सहकार्य रहने धारणा व्यक्त गर्नुभयो ।

भेटका क्रममा महामहिम Mr. Raphael Nageli को नेतृत्वको स्वीस प्रतिनिधि मण्डलले नवनियुक्त मन्त्रीज्यूलाई बधाई ज्ञापन गर्दै नेपालको संक्रमणकालिन न्याय प्रक्रियाका साथै आर्थिक, सामाजिक, विकास र सुशासनका क्षेत्रमा सदैव सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मिति : २०७९।०१।२१ गते बुधबार

(फणिन्द्र गौतम)
सहसचिव एवम् प्रवक्ता

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४